ताादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खरानीटार, नुवाकोट
स्था. २०७३

फो.नं ०१०६३०००६

३ नं प्रदेश नेपाल

पत्र संख्या :- ०७४/०७५
च. नं :-

सुचना प्रकाशन मिति :- २०७५/०१/०६

बिषय :- करार सेवा लिने सम्वन्धि सुचना

यस गाउँपालिकाको लागि योजना पुर्वाधार बिकास तथा वातावरण व्यवस्थापन शाखा मा रहने गरी सिभिल ईन्जिनियर १ जना र सव. ईन्जिनियर (सिभिल) १ जना प्राबिधिक कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजे सम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्वन्धित सबैको जानाकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । यसको दरखास्त फाराम, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालय बाट वा वेवसाईट www.tadimun.gov.np बाट उपलब्ध हुनेछ ।

| पद नाम | संख्या |
|---|---|
| ईन्जिनियर (सिभिल) | १ |
| सब. ईन्जिनियर (सिभिल) | १ |

१. शैक्षिक योग्यता र अनुभव :-

१.१ नेपाली नागरिक,

१.२ न्युनतम योग्यता (सम्वन्धित पदको लागि लोक सेवा आयोगले निर्धारण गरेको शैक्षिक योग्यता),

१.३ अनुभवको हकमा सम्बद्ध कार्यमा कार्य अनुभव भएको,

१.४ १८ बर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको हुनुपर्ने,

१.५ नेपाल ईन्जिनियरिङ काउन्सिलमा दर्ता भएको (ईन्जिनियरको लागि)

१.६ अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको,

२. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजात : उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्र प्रतिलिपी तथा प्रचलित नेपाल कानुन बमोजिम बिभिन्न काउन्सिल वा परिषद वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्ने । पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

३. आवेदन शुल्क : रु १०००। सिभिल ईन्जिनियर को लागि र रु. ५००। सब. ईन्जिनियरको लागि ।

४. आवेदन दिने तरिका : बुंदा नं ३ मा तोकिएको शुल्क नेपाल बैङ्क लिमिटेड त्रिशुली शाखाको यस कार्यालयको स्थानीय तह संचित कोष खाता नं ०२६०३००००००००४००१०७२ मा जम्मा गरी सकल भौचर सहित संलग्न राखि स्वयं कार्यालयमा उपस्थित भई आवेदन दिने ।

५. करार अवधि : २०७५ असार मसान्त सम्म रहने छ । आवश्यकतानुसार करार अवधि थप गर्न सकिने छ ।

६ थप जानाकारीको लागि सम्पर्क नं ०१०-६३०००६

७. सुचनामा उल्लेख भए बाहेकको अन्य कुराहरु यस कार्यालयको उम्मेदवार छनौट तथा सिफरिस समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

तादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खरानीटार, नुवाकोट